# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, असार ७ गते, २०७९ साल (अतिरिक्ताङ्क ६

## भाग-२

## कर्णाली प्रदेश सरकार

## भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको

## सूचना

### खाद्य अधिकार तथा सम्प्रभुता नियमावली, २०७९

खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यी नियमहरुको नाम "खाद्य अधिकार तथा सम्प्रभुता नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले खाद्य अधिकार तथा सम्प्रभुता ऐन, २०७७ सम्झनु पर्छ।

(ख)"स्थानीय तह" भन्नाले नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

३. <u>**लक्षित घर परिवारको सूची तयार गर्नु पर्नेः**</u> (१) ऐनको दफा ४ को उपदफा (३) बमोजिम सहुलियत मूल्यमा वा निःशुल्क खाद्य सहायता उपलब्ध गराउने प्रयोजनको लागि स्थानीय तहले लक्षित घर परिवारको सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम लक्षित घर परिवारको सूची तयार गर्दा देहायका व्यक्ति, परिवार वा समुदायलाई भोकमरी तथा खाद्य सुरक्षाको जोखिममा रहेको मानिनेछः-

(क) असहाय अवस्थामा रहेको व्यक्ति,

(ख) जातीय, लैङ्गिक वा अपाङ्गताका आधारमा संरक्षणविहीन अवस्थामा रहेका हिंसापीडित व्यक्ति, परिवार वा समुदाय,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) प्राकृतिक वा मानवीय विपद्को कारण खाद्य अभावको सामना गरिरहेको व्यक्ति, परिवार वा समुदाय,

(घ) विपन्न तथा सीमान्तकृत समुदायका गर्भवती, सुत्केरी तथा स्तनपान गराइरहेका महिला र निजसँग आश्रित बालबालिका,

(ङ) भूमि तथा वासस्थानबाट विस्थापनमा परी जीवन गुजारा गर्न असमर्थ व्यक्ति।

(३) उपनियम (१) बमोजिमको लक्षित घर परिवारको सूची स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ। त्यसरी प्राप्त भएको सूचीलाई मन्त्रालयले एकीकृत गरी वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको लक्षित घर परिवारको सूची स्थानीय तहले वार्षिक रुपमा अद्यावधिक गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

४. **लक्षित घर परिवारलाई सहायता उपलब्ध गराउनेः** (१) प्रदेश सरकारले नियम ३ को उपनियम (१) बमोजिमको सूचीमा रहेका लक्षित घर परिवारलाई स्थानीय तह मार्फत तत्कालको आवश्यकताको आधारमा सहुलियत मूल्यमा वा निःशुल्क खाद्य तथा पोषण सहायता उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सहायता दोहोरो नपर्ने गरी उपलब्ध गराउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको सहायता स्थानीय तहले जारी गरेको खाद्य सहायता परिचयपत्रको आधारमा उपलब्ध गराउनु पर्नेछ।

(४) स्थानीय तहले जारी गर्ने खाद्य सहायता परिचयपत्रको ढाँचा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले तोके बमोजिम हुनेछ।

(५) यस नियम बमोजिम उपलब्ध गराउने खाद्य तथा पोषण सहायताको किसिम, परिमाण र अवधि प्रदेश सरकारले निर्णय गरे बमोजिम हुनेछ।

५. **खाद्य सम्प्रभूता सम्बन्धी व्यवस्थाः** प्रदेश सरकार र स्थानीय तहले सम्बन्धित सरोकारवालाहरुको संलग्नतामा खाद्य सम्प्रभूता सम्बन्धी नीति, कार्यक्रम र योजना तर्जुमा गर्नु पर्नेछ।

६. **पोषणयुक्त खाद्य पदार्थको अभाव हुन नदिनेः** पोषणयुक्त खाद्य पदार्थको अभाव हुन नदिन नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नेछ।

७. **खाद्य पदार्थ तथा पोषण सम्बन्धी सचेतना कार्यक्रमः** ऐनको दफा १४ बमोजिम प्रदेश सरकारले खाद्य पदार्थ तथा पोषण सम्बन्धी हकको प्रचलनका लागि देहाय बमोजिमका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नीति, कानून र संस्थागत व्यवस्थाका बारेमा सर्वसाधारणलाई सुसूचित गराउने,

(ख) कुपोषण, खाद्य असुरक्षा तथा भोकमरीबाट बच्ने उपायका बारेका सूचना प्रवाह गर्ने,

(ग) स्वस्थकर वा सरसफाइयुक्त खाद्य तथा पोषण आनिबानीको विकास गर्ने,

(घ) खाद्य प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरण गर्ने।

८. **<u>क्षतिपूर्ति सम्बन्धीः</u>** (१) ऐनको दफा १९ बमोजिम किसानलाई कुनै किसिमको क्षति भएमा पीडित किसानले क्षतिको विवरण सहित तीस दिनभित्र सम्बन्धित स्थानीय तह मार्फत जिल्लाको कृषि विकास कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा कृषि विकास कार्यालयले विज्ञ सहितको टोली खटाई सात दिनभित्र क्षतिको विवरण लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त विवरण कृषि विकास कार्यालयले प्रमाणित गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम विवरण प्राप्त भएपछि मन्त्रालयले सम्बन्धित सरकारी निकाय, संघ-संस्था, कम्पनी वा

फर्मबाट किसानलाई क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको व्यवस्था गर्नु अघि मन्त्रालयले विज्ञद्वारा स्थलगत अनुगमन तथा निरीक्षण गराई प्रतिवेदन लिन सक्नेछ।

९. **अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासः** ऐनको दफा २८ बमोजिम कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको लागि स्थानीय तहसँग समन्वय गरी प्रदेश सरकारले देहायको व्यवस्था मिलाउनेछः-

(क) बजेट विनियोजन गर्ने,

(ख) अध्ययन तथा अनुसन्धान गर्ने वा गराउने,

(ग) अध्ययन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदन कार्यान्वयन गर्ने वा गराउने,

(घ) कृषि तथा खाद्य उत्पादनको दिगो विकास र खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धनका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

१०. **खाद्य पदार्थको भण्डारण, सञ्चिति तथा वितरणः** ऐनको दफा २९ र ३१ बमोजिम खाद्य पदार्थको भण्डारण, सञ्चिति तथा वितरणको लागि प्रदेश सरकारले देहाय बमोजिमको व्यवस्था गर्न सक्नेछः-

(क) खाद्य पदार्थको उपलब्धता सुनिश्चित गर्न आवश्यक संख्यामा भण्डारण तथा सञ्चिति केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ख) स्थानीय तह, सार्वजनिक खाद्य वितरण केन्द्र, सुपथ मूल्य पसल वा कृषि सहकारीबाट खाद्य पदार्थ वितरणको व्यवस्था मिलाउने,

(ग) यातायात सुविधा नपुगेका स्थानीय तहमा खाद्य आपूर्ति तथा ढुवानीमा समन्वय र सहजीकरण गर्ने,

(घ) खाद्य पदार्थको भण्डारण, सञ्चिति तथा वितरण गर्दा स्थानीय उत्पादनलाई प्राथमिकता दिने।

**११. <u>प्रदेश खाद्य परिषद्को गठनः</u>** (१) ऐनको दफा ३३ बमोजिम प्रदेश खाद्य परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मन्त्री, मन्त्रालय | - अध्यक्ष |
| (ख) सदस्य, (कृषि विषय हेर्ने), प्रदेश योजना आयोग, | - सदस्य |
| (ग) सचिव, कानून महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) सचिव, मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, नगरपालिका संघ, कर्णाली प्रदेश - सदस्य

(ज) प्रतिनिधि, गाउँपालिका संघ, कर्णाली प्रदेश - सदस्य

(झ) प्रतिनिधि, किसान समूह महासंघ, कर्णाली प्रदेश - सदस्य

(ञ) कृषि, खाद्य प्रविधि र ग्रामिण विकास सम्बन्धी विषयमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त गरेका व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना महिला सहित प्रदेश सरकारले मनोनीत गरेका तीनजना विज्ञ - सदस्य

(ट) प्रमुख, कृषि विकास महाशाखा, मन्त्रालय –सदस्य सचिव।

(२) प्रदेश खाद्य परिषद्ले आफ्नो बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) को खण्ड (ञ) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन्।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले इमान्दारीपूर्वक आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा निजलाई जुनसुकै बखत सदस्य पदबाट हटाउन सकिनेछ।

तर त्यसरी सदस्य पदबाट हटाउनु अघि निजलाई सफाईको मनासिब मौका दिनु पर्नेछ।

(५) मन्त्रालयको कृषि विकास महाशाखाले प्रदेश खाद्य परिषद्को सचिवालयको रुपमा काम गर्नेछ।

१२. **प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकारः** प्रदेश खाद्य परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी विषयमा आवश्यक नीति तथा कानून तर्जुमा र विद्यमान नीति तथा कानूनको पुनरावलोकन गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) खाद्य तथा पोषण सुरक्षा र खाद्य सम्प्रभुता सम्बन्धमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) भोकमरी तथा खाद्य सुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गर्न र लक्षित घरपरिवारको अभिलेख अद्यावधिक राख्न समन्वय गर्ने,

(घ) खाद्य पदार्थको भण्डारण तथा सञ्चिति केन्द्रको स्थापना, सञ्चालन र वितरण प्रणालीको व्यवस्था मिलाउन समन्वय तथा सहजीकरण गर्ने,

(ङ) खाद्य पदार्थ तथा पोषण सुरक्षाको लागि राष्ट्रिय खाद्य परिषद्, स्थानीय खाद्य समन्वय समिति र अन्य सरोकारवालासँग समन्वय गर्ने,

(च) खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासँग सम्बन्धित तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रवाहको सम्बन्धमा आवश्यकता अनुसार प्रदेश खाद्य सूचना केन्द्रलाई निर्देशन दिने,

(छ) प्रदेशभित्र दिगो खाद्य तथा पोषण सुरक्षा प्रवर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान र अनुगमन गर्ने वा गराउने,

(ज) प्रदेश खाद्य परिषद्बाट सम्पादन भएका काम कारबाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने।

(झ) खाद्य पदार्थको भण्डारण, सञ्चिति र वितरण कार्यको अनुगमन गर्ने वा गराउने।

१३. **<u>प्रदेश खाद्य परिषद्को बैठक सम्बन्धी व्यवस्था:</u>** (१) प्रदेश खाद्य परिषद्को बैठक कम्तीमा वर्षको दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) सदस्य-सचिवले प्रदेश खाद्य परिषद्को बैठक बस्ने सूचना र बैठकमा छलफल हुने विषयको कार्यसूची चौबीस घण्टा अगावै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(३) प्रदेश खाद्य परिषद्को बैठकमा तत्काल कायम रहेका कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सो परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) प्रदेश खाद्य परिषद्को बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(५) प्रदेश खाद्य परिषद्को बैठकमा भाग लिए बापत सदस्य, विज्ञ वा कर्मचारीले प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिमको बैठक भत्ता पाउनेछ।

(६) प्रदेश खाद्य परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि सो परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१४. **<u>प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र:</u>** (१) ऐनको दफा ३६ बमोजिम प्रदेश तथा स्थानीय तहमा खाद्य सुरक्षा अनुगमन प्रणालीलाई

नियमित तथा व्यवस्थित गर्न एक प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र रहनेछ।

(२) उपनियम (१) बमोजिमको प्रदेश खाद्य सुरक्षा सूचना केन्द्र सञ्चालनका लागि देहाय बमोजिमका सदस्य रहेको सञ्चालक समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रमुख, योजना शाखा, कर्णाली प्रदेश योजना आयोग - सदस्य

(ग) प्रमुख, योजना शाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) प्रमुख, योजना शाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(ङ) प्रमुख, योजना शाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(च) प्रमुख, योजना शाखा, सामाजिक विकास मन्त्रालय - सदस्य

(छ) प्रमुख, योजना शाखा, मन्त्रालय - सदस्य-सचिव

(३) उपनियम (१) बमोजिमको प्रदेश खाद्य सुरक्षा सूचना केन्द्रले देहायका काम गर्नेछः-

(क) खाद्य तथा पोषण सुरक्षा सम्बन्धी सूचनाको सङ्कलन, विश्लेषण र प्रवाह गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) प्रदेश खाद्य परिषद्लाई आवश्यक तथ्याङ्क तथा सूचना उपलब्ध गराउने,

(ग) नेपाल सरकार तथा स्थानीय तहद्वारा सञ्चालित खाद्य सुरक्षा सूचना केन्द्रसँग आवश्यक समन्वय गर्ने,

(घ) खाद्य सुरक्षा सम्बन्धी सूचनामूलक जानकारीको आधिकारिकता एकीन गर्ने,

(ङ) प्रदेशभित्र खाद्य सुरक्षाको अनुगमन गरी प्रदेश सरकार समक्ष प्रतिवेदन पेस गर्ने।

(४) मन्त्रालयको योजना शाखाले प्रदेश खाद्य सुरक्षा सूचना केन्द्रको सचिवालयको रुपमा काम गर्नेछ।

१५. **निरीक्षण अधिकृतः** (१) ऐनको दफा ३७ बमोजिम खाद्य प्रविधि, जनस्वास्थ्य, बजार व्यवस्थापन वा कानूनमा स्नातक तह उत्तीर्ण गरी खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य प्रविधि वा खाद्य तथा पोषण सुरक्षाको क्षेत्रमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त गरेको व्यक्ति निरीक्षण अधिकृत पदमा नियुक्तिको लागि योग्य हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरी अधिकृतस्तरको पदमा कम्तीमा दुई वर्ष अनुभव प्राप्त गरेको अधिकृत कर्मचारीलाई निरीक्षण अधिकृत तोक्न सक्नेछ।

१६. **<u>बजेट सम्बन्धी व्यवस्था:</u>** प्रदेश खाद्य परिषद् र प्रदेश खाद्य सुरक्षा सूचना केन्द्रको कार्य सञ्चालनका लागि आवश्यक पर्ने बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ।

आज्ञाले,
डा. लेखराज दाहाल
कर्णाली प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय